# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८१।०८२ का लागि पार्किङ्ग शुल्क उठाउने कार्यको सिलबन्दी दरभाउ-पत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१।०३।२८)**

बेसीशहर नगरपालिका वडा नं. ७ स्थित सहजी बसपार्कमा पार्किङ शुल्क उठाउने कार्यको लागि सिलबन्दी दरभाउ-पत्र बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले दर्ताको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० को कर चुक्ताको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ-पत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो पहिलो पटक १५ दिनको सूचना प्रकाशन गरिएको गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**सिलबन्दी दरभाउ-पत्रको विवरणः**

| सि. न. | सूचना नं./ सिलबन्दी दरभाउ-पत्र नं. | सिलबन्दी दरभाउ-पत्रको नाम | संकलन क्षेत्र/ वडा नं. | न्यूनतम सिलबन्दी दरभाउ-पत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | सिलबन्दी दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | Besishaharmun/ Revenue/SQ/ 081/82/12 | सहजी बसपार्कमा पार्किङ्ग शुल्क उठाउने कार्य | वडा नं. ७ | २,५०,०००। | १,०००। |

### शर्तहरुः

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सिलबन्दी दरभाउ-पत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिनको दिउँसो १२:०० बजे भित्र (मितिः २०८१।०४।१३) यस कार्यालयमा पेश गर्न सक्ने व्यवस्था छ । तोकिएको सिलबन्दी दरभाउ-पत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिलबन्दी दरभाउ-पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. सिलबन्दी दरभाउ-पत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । सिलबन्दी दरभाउ-पत्र को मान्य अवधि बोलपत्र खोलिने मितिबाट ४५ दिनको हुनुपर्नेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा सिलबन्दी दरभाउ-पत्र नं. र नाम उल्लेख गरी सिलबन्दी दरभाउ-पत्र खोलिने मितिबाट ७५ दिनको म्याद सहित जारी गरिएको विड बण्ड साथ पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउ-पत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउ-पत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, सिलबन्दी दरभाउ-पत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र (मितिः २०८१।०४।१३) यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको (मितिः २०८१।०४।१३) १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि सिलबन्दी दरभाउ-पत्र खोल्ने समयमा उपस्थित नभएमा पनि सिलबन्दी दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. सिलबन्दी दरभाउ-पत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउ-पत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका सिलबन्दी दरभाउ-पत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । सिलबन्दी दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. प्रचलित नियमानुसार कालो सुचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेका सिलबन्दी दरभाउ-पत्र फाराम उपर कुनै कारवाही हुने छैन ।

रामनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

७. सिलबन्दी दरभाउ-पत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको सम्पुर्ण रकम र आफुले कबोल गरेको अंकको नियमानुसार थप १३ % भ्याट रकम र आयकर तथा अन्य तिर्नु बुझाउनु पर्ने रकम र करहरु समेत यस कार्यालयमा जम्मा गरी सम्झौताका लागि उपस्थित हुनुपर्नेछ ।

८. तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ-पत्र पेश भएको बखत राखिएको धरौटी रकम (विड वण्ड) जफत गरी नियमानुसार सिलबन्दी दरभाउ-पत्र बन्दोवस्त गरिनेछ ।

९. यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. सम्झौता अवधी सिलबन्दी दरभाउ- पत्र स्वीकृत भई सम्बन्धित फर्म वा व्यक्ति सँग कार्यालयले गरेको सम्झौतामा उल्लेख गरेको अवधि अनुसार हुनेछ ।

११. पार्किङ्ग शुल्क सम्बन्धी विभिन्न सवारी साधनहरुको दररेट बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम हुनेछ ।

१२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनहरु यस सम्झौताको लागि अभिन्न अंग मानिनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ तथा यस कार्यालयको वेवसाइट www.besishaharmunicipality.gov.np मा हेर्न सकिनेछ ।)

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत